**वीरेन्द्रनगर नगरपालिका**

# वस्ती विकास नीति, २०८२

*(छलफलका लागि तयार मस्यौदा)*

**वीरेन्द्रनगर नगरपालिका**

**वीरेन्द्रनगर, सुर्खेत**

**कर्णाली प्रदेश, नेपाल**

# परिच्छेद १: परिचय

वीरेन्द्रनगर नगरपालिकाको बस्ती विकास नीतिले नगरपालिकामा योजनाबद्ध, व्यवस्थित र सुरक्षित बस्ती विकासका लागि नगरवासीहरूको सहभागितामा बस्ती विकास योजना तर्जुमा तथा बस्तीहरूको नियमन र व्यवस्थापन गर्न मार्गदर्शन गर्नेछ। यसले उत्थानशील पूर्वाधार विकास, स्रोत साधनको दिगो परिचालन र सुशासन प्रवर्द्धन गर्न समेत मद्दत गर्नेछ।

## १.१ पृष्ठभूमि :

वीरेन्द्रनगर नेपालको पुरानो तथा योजनाबद्ध शहर मध्येको एक हो। २०२९ सालबाट केन्द्रियस्तरको उच्चस्तरीय प्राविधिक टोलीले तयार गरेको नगर योजना लागु गरी व्यवस्थित नगर निर्माणको सिलसिला यहाँ शुरु भएको थियो। औलो उन्मुलन अगाडी थारु तथा राजी जातिका मानिसहरूको फाटफुट बस्ती रहेको यो उपत्यकामा औलो उन्मुलनपश्चात खासगरी २०२३ पछि बसोबासको विस्तार व्यापक हुदै गइ यहाँ जिल्लास्तरीय कार्यालयहरू स्थान्तरण गर्ने तथा सदरमुकाम तोक्ने कार्य भयो। प्रारम्भमा यसको क्षेत्रफल ३६ वर्ग कि.मी. रहेकोमा हाल यो विस्तार भई २४५.८५ वर्ग कि.मी. पुगेको छ। साथै नगरपालिका अहिले १६ वटा वडामा प्रशासनिक विभाजन भएको छ।

हाल यो नगर कर्णाली प्रदेश राजधानीको रुपमा समेत रहेको छ। जनगणना २०७८ अनुसार घरधुरी संख्या ३८,५७७ तथा जनसंख्या १,५३,८६३ बसोबास गर्ने यस नगरपालिकामा जनसंख्या बृद्धि दर तीब्र गतिमा रहेको छ। जसअनुसार यहाँको जनघनत्व ६२८ प्रति वर्ग कि.मि. रहेको छ भने साक्षरता दर सरदर ९२.७ रहेको छ। यस नगरमा २०६८ देखि २०७८ सम्म वार्षिक जनसंख्या परिवर्तन दर ३.७ प्रतिशत रहेको छ। २०५८ को जनगणनामा यस नगरमा ६७,६४९ जनसंख्या रहेकोमा २०६८ मा १,०५,१०७ पुगेको थियो। क्रमशः २०७८ मा आइपुग्दा हालको जनसंख्या १,५३,८६३ रहेको छ। यसप्रकार यहाँ पछिल्ला प्रति दशक करिव ५०,००० का दरले जनसंख्या थपिदै गएको अवस्था देखिन्छ। उक्त जनसंख्याको जन्मस्थानको अवस्थालाई विश्लेषण गर्दा ७८,८३७ जनाको जन्मस्थान यसै नगरपालिका रहेको, १४,५७२ जना सुर्खेत जिल्लाका अन्य स्थानीय तह जन्मस्थान रहेका र ५८,५२४ जना अन्य जिल्ला जन्मस्थान रहेका तथा १८६८ जना अन्य मुलुक जन्मस्थान रहेको तथ्यांक पाइन्छ। यस शहर अस्थायी रुपमा बसोबास गर्ने जनसंख्याको निरन्तर बृद्धि भइरहेकाले हाल यहाँ जनगणनाको तथ्यांकको करिव तीनगुणा बढी जनसंख्याको बसोबास भएको अनुमान गर्ने गरिएको छ। तसर्थ, जनसंख्याको बृद्धि, पूर्वाधारको विकास र बस्तीहरूको विस्तारको तीव्रतासँगै उपमहानगरको श्रेणीमा फड्को मार्ने प्रयासमा यो नगरपालिका रहेको छ।

आधुनिक युगसँग मानव बस्तीको परिचय विभिन्न दृष्टिकोणबाट हुँदै आएको छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बस्न पाउने हक हुनेछ भन्ने कुरालाई मौलिक हकमा उल्लेख गरी वासस्थानलाई स्वच्छ वातावरणयुक्त भन्ने कुरामा जोड दिएको छ। यसैगरी नेपालको आवास नीति २०७५ ले वासस्थान भन्नाले व्यक्तिले जीवन निर्वाह गर्न आवश्यक भौतिक, सामाजिक र साँस्कृतिक पूर्वाधार सहितको स्थानलाई जनाएको छ भने युएन ह्याविट्याटले वासस्थान त्यो भौतिक वातावरण हो जहाँ मानिस जैविक र अजैविक तत्वहरूसँग अन्तक्रिया गर्दै बसोवास गर्दछ भन्ने परिभाषा गरेको पाइन्छ। यसप्रकार बासस्थान केवल घरमात्र नभई व्यक्ति वा समुदायको जीवनशैली, पूर्वाधार, वातावरण र सामाजिक संरचनाको समष्टि समेतलाई बुझ्नुपर्ने देखिन्छ।

इतिहासको विभिन्न कालखण्डमा मानव बस्तीलाई टोल, गाउँ, शहरका रुपमा सामाजिक र आर्थिक आधारमा वर्गीकरण गरेको पाइन्छ। यस सिलसिलामा सामान्यतः १५ व्यक्ति प्रति हेक्टर भएको, गैरकृषि आर्थिक क्रियाकलाप भएको, स्तरीय सेवा सुविधा प्रवाह गर्न सक्ने बस्तीको उच्चतम रुपलाई

शहर भन्ने गरिएको छ । हिजो आज सामान्यतः सघन जनघनत्व भएको, गैरकृषि आर्थिक क्रियाकलापको बाहुल्य भएको र स्तरीय सेवा सुविधा प्रबाह गर्न सक्ने बस्तीको उच्चतम रुपलाई शहर भन्ने गरिन्छ । अर्थात शहर यस्तो सघन मानव बस्ती हो जहाँ मानिसले बसोबास, रोजगारी, मनोरञ्जन र जन्मदेखि मृत्युसम्मका आधारभूत क्रियाकलाप परिपूर्ति गर्न सक्ने पूर्वाधारको उपलब्धता हुनुपर्दछ ।

वीरेन्द्रनगरमा अव्यवस्थित बसोबास, जोखिमयुक्त स्थानमा रहेका बसोवास र गरिवीको रेखामुनिका परिवारको पनि उपस्थिति रहेको छ । योजना आयोगका अनुसार हाल १७.४ प्रतिशत रहेको नेपालको सरदर गरीवीको रेखामुनीको जनसंख्यालाई आधार मान्दा यहाँ करिव २८,००० मानिस गरिवीको रेखामुनी रहेको अनुमान गर्न सकिन्छ । हाल ग्रामीण गरीवीभन्दा शहरी गरीवीको दर बढ्दो प्रवृतिमा रहेकाले अन्य तथ्यांक समेत विश्लेषण गर्दा यो संख्या अझ बढ्न सक्ने सम्भावना छ । यसरी वीरेन्द्रनगरमा रहेको बस्तीलाई व्यवस्थित गर्नु तथा बढ्दै गएको मानव बस्तीको समुचित प्रबन्धका साथ उल्लिखित बन्दोबस्तको दिगो व्यवस्थापन आजको टड्कारो आवश्यकता बनेको छ ।

### १.१.१ विगतका प्रयासः

सन् १९७० को दशकमा चारवटा क्षेत्रिय सदरमुकाम धनकुटा, पोखरा, सुर्खेत र दिपायलको भौतिक विकास गुरुयोजना तर्जुमा र कार्यान्वयनबाट नेपालमा क्षेत्रिय विकासको अवधारणा आएको थियो । यसै सिलसिलामा सन् १९८० को दशकमा तत्कालीन शहरी केन्द्रहरू वीरेन्द्रनगर, कोहलपुर, घोराही, तुल्सीपुर, दमौली, भरतपुर, हेटौडा, लहान, दुहुवी, विराटनगर, धरान, जस्ता शहरहरूमा योजनाबद्ध शहरको योजना लागु भयो । पछिल्लो कालमा विश्वस्तरमा भइरहेको तीव्र शहरीकरणलाई समेतलाई मध्यनजर गरी नेपालको शहरीकरणलाई व्यवस्थित गर्न संवैधानिक कानूनी प्रबन्धहरू भएका छन् । सन्तुलित शहरी विकासको लागि शहरी वातावरणीय सुधार तथा शहरी व्यवस्थापन प्रभावकारी बनाउने उद्देश्य सहित राष्ट्रिय शहरी विकास नीति २०८१ हाल लागु भएको छ । स्थानीय बस्ती विकासको लागि मार्गदर्शन गर्ने संवैधानिक कानूनी र नीतिगत कुराहरू यस नीति निर्माणका प्रक्रियामा समेत सान्दर्भिक हुनेछ ।

### १.१.२ संवैधानिक तथा कानूनी प्रबन्धः

बस्ती विकासको महत्वलाई ध्यानमा राखी संविधानमा यस वारेमा महत्वपूर्ण व्यवस्थाहरू भएको छ । सो बमोजिमका कानूनी व्यवस्थाहरू पनि भएका छन् । ती कुराहरूले स्थानीय बस्ती विकास नीतिको लागि समेत मार्गदर्शन गर्ने हुनाले केही सन्दर्भ यहाँ उल्लेख गरिएको छः

#### (क) संवैधानिक व्यवस्थाः

संविधानको मौलिक हक अन्तर्गत धारा ३७ मा आवासको हकको व्यवस्था रहेको छ । सोही उपधारा (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भन्ने र उपधारा (२) मा कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वमित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भन्ने उल्लेख छ । धारा ४० (६) मा राज्यले आवासविहिन दलितलाई कानून बमोजिम बसोवासको व्यवस्था गर्ने उल्लेख छ । संविधानको धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति (११) मा अव्यवस्थित बसोवासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने व्यवस्था रहेको छ ।

#### (ख) कानूनी व्यवस्थाः

विभिन्न प्रचलित ऐनहरूमा बस्ती विकासका बारेमा नीतिगत व्यवस्था भएको पाइन्छ । ती व्यवस्थाका केही सन्दर्भहरू निम्नानुसार उल्लेख गरिएको छ ।

**(१) स्थानीय सरकार सरकार संचालन ऐन, २०७४:**

यस ऐनको परिच्छेद २ मा स्थानीय स्तरमा रहेका बस्तीलाई वडा, गाउँपालिका र नगरपालिकामा वर्गीकरण गरेको छ । जसअनुसार नेपाल सरकारले तोकिएको शर्त तथा सुविधा पूरा गरेका आधारमा देहाय बमोजिम नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका घोषणा गर्न सक्ने प्रबन्ध गरेको छ ।

**(अ) नगरपालिका:**

हिमाली जिल्लाको हिमाली क्षेत्रमा कम्तीमा दश हजार, हिमाली जिल्लाको पहाडी क्षेत्र तथा पहाडी जिल्लामा कम्तीमा चालिस हजार, भित्री मधेशका जिल्लामा कम्तीमा पचास हजार, तराईका जिल्लामा कम्तीमा पचहत्तर हजार र काठमाण्डौ उपत्यका भित्रका जिल्लामा कम्तीमा एक लाख स्थायी बासिन्दा भएको हुनुपर्ने व्यवस्था छ । यसैगरी पछिल्लो पाँच वर्षको औसत बार्षिक आन्तरिक आय हिमाली क्षेत्रको भए कम्तीमा एक करोड रुपैयाँ र अन्य जिल्लामा भए कम्तीमा तीन करोड रुपैयाँ भएको, सडक, सडकपेटी, विद्युत, खानेपानी, संचार र त्यस्तै अन्य न्यूनतम शहरी सुविधा लगायत तोकिएका अन्य सुविधा भएको बसोबासको क्षेत्रलाई नगरपालिका भनिएको छ ।

**(आ) उपमहानगरपालिका**: कम्तीमा दुई लाख बासिन्दा भएको, पछिल्लो पाँच वर्षको वार्षिक औसत आन्तरिक आय कम्तीमा पच्चीस करोड रुपैया भएको, कम्तीमा एक सय शैयाको एक अस्पताल सहित दुई सय शैयाको अस्पतालको सुविधा भएको लगायत तोकिएका अन्य सुविधा भएको क्षेत्र उपमहानगरपालिका हुने उल्लेख छ ।

**(इ) महानगरपालिका:**

कम्तीमा पाँच लाख स्थायी बासिन्दा भएको, पछिल्लो पाँच वर्षको औसत बार्षिक आन्तरिक आय कम्तीमा एक अरब रुपैया भएको, अन्तर्राष्ट्रियस्तरको विमानस्थलसँगको आवागमनमा सहज पहुँच भएको र यातायात, शिक्षा स्वास्थ्य लगायतका तोकिएका प्रबन्ध भएको क्षेत्र महानगरपालिका हुन सक्ने उल्लेख छ ।

**(२) आवासको अधिकार सम्बन्धी ऐन, २०७५:** यस ऐनको दफा ३ उपदफा (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार हुनेछ र त्यस्तो अधिकारको सम्मान, संरक्षण र परिपूर्ति यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । सोही उपदफा (२) प्रत्येक नागरिकलाई प्राप्त हुने उक्त बमोजिमको आबासको अधिकार अन्तर्गत खण्ड (क) ..... निर्धारित मापदण्डको आधारमा ... आवास वनाउने, बसोबास गर्ने, त्यसको प्रयोग, (ख) आवासको अभावमा जीवन जोखिम पर्ने अवस्थाबाट सुरक्षित रहने, (ग) ... आवासस्थल छनोट गर्ने, आवासको व्यवस्था गर्ने (घ) ... साँस्कृतिक पहिचानको सम्मान (ङ) आवास वरिपरिको तोकिएको क्षेत्रमा भौतिक संरचना निर्माण गर्न पाईने उल्लेख छ । यसैगरी उपदफा (३) मा यी अधिकारको सम्मान, सम्बर्द्धन, संरक्षण, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेबारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको हुने व्यवस्था गरेको छ । उक्त ऐनको दफा ६ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले नागरिकलाई आवासस्थलमा रहेका स्रोत साधनहरूको उपयोगमा कानून बमोजिम सहज पहुँच हुने व्यवस्था गर्नुपर्ने समेत उल्लेख रहेको छ ।

यस ऐनको परिच्छेद–३ मा आवास सुविधा उपलब्ध गराउने सम्बन्धी व्यवस्था रहेको छ । ऐनको दफा ७ मा आवास उपलब्ध गराउने व्यवस्था गरी ऐनको परिच्छेद–२ मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवासविहिन व्यक्ति तथा परिवारलाई प्राथमिकीकरण गरी क्रमशः तोकिएबमोजिम आवास सुविधा उपलब्ध गराउनु पर्ने व्यवस्था पाइन्छ । यस व्यवस्थामा (क) ... घरजग्गा नभएको आवासको प्रबन्ध गर्न असमर्थ (ख) ... विपत्तिका कारण विस्थापित परिवारका बारेमा उल्लेख छ ।

सोही दफा ९ मा लगत संकलन तथा पहिचान गर्ने विषय उल्लेख गर्दै उपदफा (१) ले आवास सुविधा उपलब्ध गराइने व्यक्ति तथा परिवारको विस्तृत पहिचान र बसोबासको अवस्था समेत खुल्नेगरी सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम लगत संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी संकलित लगतको विवरण स्थानीय तहले प्रदेश सरकार मार्फत नेपाल सरकारलाई उपलब्ध गराउनु पर्ने छ भन्ने व्यवस्था सोही उपदफा (२) मा रहेको छ । परिचयपत्र उपलब्ध गराउनु पर्ने व्यवस्था ऐनको दफा १० मा रहेको छ । यस दफाको उपदफा (१) मा सम्बन्धित स्थानीय तहले तोकिए बमोजिमको परिचय पत्र सम्बन्धित व्यक्ति वा परिवारलाई वितरण गर्नुपर्ने तथा विवरण प्रदेश तथा संघीय मन्त्रालयलाई पठाउनु पर्ने उल्लेख छ । यस दफा बमोजिम वितरण गरिएको परिचयपत्रको विवरणको आधारमा दोहोरो नपर्ने गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले स्रोत साधनको व्यवस्था मिलाई नागरिकलाई क्रमशः तोकिए बमोजिमको आवास सुविधा उपलब्ध गराउनु पर्ने व्यवस्था सोही उपदफा (४) ले गरेको पाइन्छ ।

दफा ११ मा सहयोग गर्नुपर्ने व्यवस्था अन्तर्गत नेपाल सरकार तथा प्रदेश सरकारले दफा ९ र दफा १० बमोजिमको कार्य सम्पन्न गर्नको लागि स्थानीय सरकारलाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ । दफा १३ मा अस्थाई आवास उपलब्ध गराउनु पर्ने व्यवस्था गर्दै उपदफा (१) मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पारस्परिक समन्वयमा तोकिए बमोजिमको अस्थाई आवास वा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने । यस सम्बन्धी थप व्यवस्था उपदफा (२) र (३) मा उल्लेख छ ।

दफा १८ मा स्थानीय तहसँग समन्वय गर्ने विषयलाई थप प्रष्ट गर्दै सोही उपदफा (१) मा नेपाल सरकार तथा प्रदेश सरकारले यस ऐन बमोजिम आवास सम्बन्धी कुनै सुविधा प्रदान गर्दा स्थानीय तहसँग समन्वय गरी कार्यान्वियन गर्नुपर्ने छ । (२) ... वजेट, जनशक्ति तथा अन्य प्राविधिक सहायता प्रदान गरी स्थानीय तहमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ । दफा १९ मा एकीकृत बस्ती विकासको व्यवस्था वारे उपदफा (१) मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले उक्त ऐन बमोजिम आवास सुविधा उपलब्ध गराउँदा आवश्यकता र उपयुक्तता अनुसार एकीकृत बस्ती विकासको अवधारणा अनुरुप आवासको व्यवस्था मिलाउन सक्ने उल्लेख छ ।

दफा २२ मा अनुगमन सम्बन्धी व्यवस्थामा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले यस ऐन बमोजिमको आवासको सुविधा उपलब्ध गराउने कार्यको अनुगमन गर्न संयन्त्र गठन गर्नु पर्नेछ भन्ने व्यवस्था छ । त्यसैगरी दफा २३ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले यस ऐन बमोजिम आवास उपलब्ध गराउदा बस्ती बिकास, भूमिको उपयोग, भवन संहिता तथा भवन निर्माण सम्बन्धी संघीय कानून बमोजिम निर्धारण गरेको मापदण्डको पालना गर्नु पर्नेछ भनिएको छ ।

**(३) नगर विकास ऐन २०४५:**

यस ऐनमा रहेका बस्ती विकास सम्बन्धी सान्दर्भिक र सरोकारका विषयहरूमा दफा ३ मा नगर विकास समितिले नगर योजना तर्जुमा र स्वीकृति गर्दा एकीकृत रुपमा नगरको भौतिक विकास गर्ने,

भइरहेको नगरको पुनःनिर्माण विस्तार र विकास गर्ने तथा नयाँ नगरको निर्माण गर्ने उल्लेख छ । त्यसैगरी नगर विकासको लागि भूउपयोग क्षेत्र निर्धारण गर्ने, त्यस्तो क्षेत्रमा गर्न पाइने भौतिक विकासको मापदण्ड तोक्ने, तथा त्यस्तो क्षेत्रको जनघनत्वको आधारमा सडक, यातायात, विजुली, ढल, सरसफाई, खुल्ला क्षेत्र लगायतका सेवा तथा सुविधा उपलब्ध गराउने व्यवस्था समेत उक्त दफा अन्तर्गतका उपदफाहरूमा रहेका छन् ।

दफा ४ ले नगर विकास समिति गठन सम्बन्धी व्यवस्था गरेको छ । यसमा नेपाल सरकारले नगर योजना कार्यान्वयन गर्न आवश्यकता अनुसार प्रत्येक स्थानीय तहमा नगर विकास समिति गठन गर्न सक्ने तथा उक्त नगर विकास समितिको काम, कर्तव्य र अधिकारलाई नगर विकास ऐनले स्पष्ट गरेको छ ।

### (४) भूउपयोग ऐन, २०७५:

यस ऐनमा रहेका थुप्रै प्रावधानहरू स्थानीय बस्ती विकास वारेमा सान्दर्भिक रहेका छन् । यसको दफा १८ मा स्थानीय भूउपयोग परिषद सम्बन्धी व्यवस्था छ । यसमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय भूउपयोग परिषदको रुपमा कार्य गर्ने उल्लेख छ । दफा १९ मा स्थानीय भूउपयोग परिषदको काम, कर्तव्य र अधिकार उल्लेख छ । दफा २० को कार्यान्वयन समितिको व्यवस्थामा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख र सम्बन्धित वडाको वडाअध्यक्ष लगायत सदस्य रहने गरी भूउपयोग कार्यान्वयन समितिको व्यवस्था रहेको छ ।

### (५) राष्ट्रिय शहरी नीति २०८१:

सरकारले हालै जारी गरेको राष्ट्रिय शहरी नीति २०८१ ले व्यवस्थित, समावेशी र समृद्ध शहरको परिकल्पना गरेको छ । यसको लक्ष्य सन् २०३६ भित्र नेपालका शहरी क्षेत्रहरूको शहरी पूर्वाधार अवस्था सूचक कम्तीमा ५० प्रतिशतले वृद्धि गर्ने रहेको छ । यसले सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा शहरी योजना निर्माण, नियमन र व्यवस्थापनका उपयुक्त माध्यममार्फत उत्थानशील शहरी पूर्वाधारमा पहुँच विस्तार गर्ने उद्देश्य लिएको देखिन्छ ।

### (६) सोह्रौं योजना (२०८१/८२ - २०८५/८६):

नेपाल सरकारबाट स्वीकृत सोह्रौं योजनामा योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकासलाई एक विषयक्षेत्रको रुपमा लिएको पाइन्छ । नागरिकको जीवनको गुणस्तर अभिबृद्धि गर्न र उत्पादनका साधन एवं विकास खर्चको उत्पादकत्व बढाउन योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकासले योगदान पुऱ्याउने कुरा उल्लेख भएको छ । दिगो तथा उत्थानशील शहरमा शहरी सुरक्षाको प्रत्याभूति, दिगो पूर्वाधार निर्माण तथा प्रयोगमा समावेशी पहुँच, सार्वजनिक शौचालयको व्यवस्थापन, एकीकृत शहरी योजना, हरित ऊर्जाका स्रोतहरूको उपलब्धता, उत्थानशील शहरी अर्थतन्त्र, स्वच्छ शहरी वातावरण, समतामूलक शहरी सुविधा जस्ता विषयहरूमा बहुनिकायको संलग्नतालाई एकीकृत तथा अन्तरआवद्ध बनाउने नीतिगत, कानूनी र संस्थागत संयन्त्रको उचित व्यवस्थापन तथा परिचालनलाई जोड दिएको छ ।

यस विषय क्षेत्रका सोह्रौं योजनाले पहिचान गरेका रुपान्तरणकारी रणनीतिहरूमा शहरी प्रणालीको सुदृढीकरण गर्ने, दिगो, सुरक्षित र उत्थानशील शहर तथा शहरी पूर्वाधार निर्माण गर्ने, लगानी व्यवस्थापन तथा प्रविधि विकास गर्ने, अन्तरतह समन्वय तथा शहरी सुशासन प्रणाली विकास गर्ने लगायतका रहेका छन् । यसका लागि मौलिक तथा रणनीतिक शहर विकास गर्ने, नमूना बस्ती विकास, एकीकृत शहरी पूर्वाधार निर्माण, ग्रामीण शहर संयोजन र अन्तरआवद्धता, भूमिहिन तथा अव्यवस्थित

बसोबास व्यवस्थापन, नयाँ शहर विकास, शहरी सुशासन, संस्थागत सुधार र क्षमता विकासका साथै खानेपानी, यातायात, फोहरमैला व्यवस्थापन, वातावरण तथा उत्थानशीलता जस्ता पक्षलाई योजनाको प्रमुख कार्यक्रममा रुपमा समेटेको पाइन्छ । साथै योजनाले व्यवस्थित योजनाबद्ध बस्ती विकास आधार वर्षको २९६ हेक्टरबाट योजना अवधिमा १०,३०० हेक्टर पुऱ्याउने लक्ष्य राखेको पाइन्छ ।

### १.१.३ वर्तमान अवस्थाः

#### (१) शहरी तथा ग्रामीण क्षेत्रको श्रेणीगत वर्गीकरण

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण प्रतिवेदन अनुसार शहरी जनसंख्या २७.७ प्रतिशत, अर्धशहरी क्षेत्रको जनसंख्या करिव ४० प्रतिशत रहेको देखिन्छ । वीरेन्द्रनगर नगरपालिकाको कुल १६ वटा वडा मध्ये शहरी तथा ग्रामीण क्षेत्रको श्रेणीगत वर्गीकरणको आधारमा यहाँ ग्रामीण प्रकृतिका ४ वटा वडा रहेका तथा यी वडामा ७.७७ प्रतिशत नगरको जनसंख्या बसोबास गर्दछन् । यहाँको शहरोन्मुख ६ वटा वडाहरूमा ४७.३२ प्रतिशत जनसंख्या बसोवास गर्ने गर्छन् । त्यसैगरी बाँकी ६ वटा वडा शहरी प्रकृतिका रहेका तथा यी वडाहरूमा ४४.९१ प्रतिशत जनसंख्याको बसोबास रहेको छ । *(नेपालमा शहरी तथा ग्रामीण क्षेत्रको श्रेणीगत वर्गीकरण, २०८०, राष्ट्रिय तथ्यांक कार्यालय)* ।

#### (२) वीरेन्द्रनगर नगरपालिकाको शहरी पूर्वाधार क्षमता सूचकांक

शहरी विकास मन्त्रालयले शहरी पूर्वाधार क्षमता सूचकांक (Urban Infrastructure Competency Index - UICI) तयार गरी नेपालका सवै नगरपालिकाको पूर्वाधार विकास तथा सेवा प्रवाह क्षमताको लेखाजोखा गरेको छ । उक्त लेखाजोखामा वीरेन्द्रनगर नगरपालिकाले १०० पूर्णांकमा ६०.०९ प्राप्तांक सहित नेपालका कुल २९३ नगरपालिका मध्ये तीसौं स्तरमा रहन सफल भएको छ । लेखाजोखाका सूचकांक मध्ये शहरी स्वरुप पूर्णांक १२ मा ३.०६, सडक तथा यातायात १६ मा ६.६२, खानेपानी १० मा २.१५, विद्युत १० मा ८.१०, शैक्षिक अवस्था सुविधा ८ मा ६.६९, भवन १० मा ६.११, स्वास्थ्य सुविधामा १० मा ९.७०, अन्य सुविधा ४ मा ४, शौचालय तथा ढल निकास १० मा ६.०८, फोहरमैला व्यवस्थापन ५ मा २.६०, नीति तथा योजना तर्जुमा ३ मा ३, वित्तीय सुशासन २ मा २ गरी कुल १०० मा ६०.०९ अंक सहित नेपालका कुल २९३ नगरपालिका मध्ये तीसौं स्तरमा रहन सफल भएको छ *(शहरी विकास मन्त्रालय, २०८०)* ।

#### (३) वीरेन्द्रनगर नगरपालिकाको वर्तमान नीतिगत तथा कानूनी व्यवस्था

बस्ती विकास सम्बन्धी संवैधानिक र कानूनी प्रवन्ध कार्यान्वयन गर्न वीरेन्द्रनगर नगरपालिकामा विभिन्न नीतिगत तथा कानूनी प्रवन्धहरू तर्जुमा भएका छन् । ती बुँदागत रुपमा यसप्रकार रहेका छन् ।

- भवन निर्माण मापदण्ड २०७२,
- भवनहरूको अभिलेख निर्देशिका २०७५,
- सार्वजनिक प्रयोगको लागि जग्गाप्राप्ती मूल्य तथा मुआब्जा निर्धारण गर्न समन्वय एवं सहजीकरण गर्ने सम्बन्धी कार्यविधि २०७५,
- बसपार्क व्यवस्थित गर्ने कार्यविधि २०७५,
- शहरी रोजगारी प्रवन्धको लागि, महिला स्वरोजगार कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि २०७६,

- अटो ड्राइभिङ्ग तालिममा सहभागीहरूका लागि बस्तुगत टेवा प्रदान निर्देशिका २०७६,
- सामुदायिक पशुव्यवस्थापन कार्यविधि २०७९,
- स्थानीय शिक्षा ऐन २०७४,
- नगरप्रहरी सेवा ऐन,
- वीरेन्द्रनगर नगरपालिका भूउपयोग नीति २०७९
- वीरेन्द्रनगर नगरपालिका जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७९,
- वीरेन्द्रनगर नगरपालिका जोखिम संवेदनशील भौतिक योजना तथा भवन निर्माण मापदण्ड २०७८
- इकोक्लब गठन संचालन तथा व्यवस्थापन निर्देशिका २०७४,
- साविक वडा नं १ देखि १२ सम्मको नगर पार्श्वचित्र,
- वीरेन्द्रनगर नगरपालिका सवारी साधन सञ्चालन कार्यविधि २०७६,
- वीरेन्द्रनगर नगरपालिका स्थानीय स्वस्थ्य सेवा ऐन २०७६,
- वीरेन्द्रनगर नगरपालिका सहकारी ऐन २०७५,
- बजार एबं शहर व्यवस्थापन अभियान २०७४ सञ्चालन अवधारणा
- भूमिगत स्रोत पानी निस्कासन तथा उपयोग गर्न अनुमति पत्र जारी गर्ने सम्बन्धी निर्देशिका २०७२
- घरवहाल कर कार्यविधि २०७५, आदि ।

उल्लिखित नीतिगत र कानूनी प्रबन्धहरूका साथमा नगरपालिकाले बस्ती विकासको कामलाई व्यवस्थित गर्ने पहल र प्रयास गरिरहेको छ । यद्यपि, यस नगरमा बढ्दो बस्ती विकास, अस्थायी बसोबासको थपिदो चाप भौतिक पूर्वाधार विकासमा रहेको बढ्दो माग आदिका कारण समस्या, चुनौती र अवसरहरू पनि रहेका छन् ।

## १.२ समस्या, चुनौती र अवसरः

### १.२.१ समस्याः

(क) वीरेन्द्रनगर नगरपालिकामा जिल्ला सदरमुकामका साथै हाल प्रदेश राजधानी समेत रहेकोले बाहिरी जिल्लाहरूबाट बढ्दो जनसंख्याको चापलाई धान्न सक्ने शहरी पूर्वाधारको कमी हुनु ।

(ख) बढ्दो जनसंख्यालाई धान्नेगरी रोजगारीको बढ्दो मागको सम्बोधन हुन नसक्नु ।

(ग) बढ्दो भिडभाडका कारण वातावरणमा निरन्तर ह्रास आउनु ।

(घ) स्थानीय बस्ती विकासको योजना तर्जुमा तथा कार्यान्वयनमा शहरी व्यवस्थापन सम्बन्धी मापदण्डले उचित प्राथमिकता नपाउनु ।

(ङ) बस्ती विकास योजना निर्माण कार्यान्वयन र व्यवस्थापनमा प्राविधिक जनशक्तिको अभाब हुनु ।

(च) कृषिमा व्यवसायिकता तथा आधुनिकीकरण हुन नसक्दा पेशाबाट पलायन हुने तथा कृषि उत्पादनमा ह्रास आउनु ।

### १.२.२ चुनौती

(क) शहरीकरण गर्दा मौलिकताको संरक्षण गर्नु ।

(ख) कृषि तथा पर्ति जमिन अतिक्रमणबाट संरक्षण गर्नु ।

(ग) शहरीकरणमा समावेशिता र सामाजिक न्यायको प्रत्याभूति गर्नु ।

(घ) अनियन्त्रित शहरी विस्तारलाई योजनावद्ध शहरमा रुपान्तरण गर्नु ।

(ङ) समन्वयात्मक रुपमा संघ, प्रदेश र नगरपालिकाबाट बस्ती विकासको एकिकृत प्रयासको प्रबन्ध गर्नु,

(च) शहरी सेवा प्रवाह र पूर्वाधार विकासमा निजीक्षेत्रसँगको साझेदारीमा अभिवृद्धि गर्नु ।

(छ) बस्ती विकास कार्यक्रममा जनसहभागिता जुटाई नगरपालिका र समुदायको लगानी बृद्धि गर्नु ।

(ज) बस्ती विकास पूर्वाधारलाई एकीकृत, सुरक्षित, दिगो, विपद उत्थानशील बनाउनु ।

### १.२.३ अवसर

वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको राजधानी शहर हो । राष्ट्रिय शहरी विकास रणनीति (National Urban Development Strategy - NUDs) २०७३ का अनुसार यस नगरपालिकालाई दोस्रो तहको शहरी केन्द्रको रूपमा वर्गीकरण गरेको छ । यसको प्रमुख क्षेत्रिय शहरी नोड नेपालगन्ज उपमहानगरपालिका रहेको छ । नगरपालिकाबाट २० किलोमिटरको दायराभित्र २ वटा तेस्रो तहको शहरी केन्द्रहरू (दल्लु नगरपालिका र नारायण नगरपालिका), २ साना सहरहरू (छिन्चु र गुमी), ४ वटा बजार केन्द्रहरू ( बन्दीचौर, रामघाट, मेहेलकुना र अवलपराजल) रहेका छन् । त्यसैगरी २१ ओटा नगरपालिका केन्द्रहरू समेत यससँग आवद्धता रहेको देखिएकाले यसको क्षेत्रिय तथा उपक्षेत्रिय अन्तरसम्बन्ध रणनीतिक महत्वको र मजवुत देखिन्छ ।

यहाँ साँस्कृतिक विविधतायुक्त जनताको बसोबास बढिरहेको हुँदा आफ्नो पृथक पहिचानमा आधारित योजनाबद्ध बस्ती विकासका साथै मौलिकता प्रवर्द्धन, शहर विस्तार हुँदै निकट भविष्यमा उपमहानगरपालिकामा स्तरोन्नतिको प्रवल संभावना रहेको छ । यस नगर क्षेत्रका भूमिको विविधताको संरक्षण तथा दिगो उपयोग गर्दै आधुनिक, सुविधायुक्त, समावेशी, उत्पादनशील तथा उत्थानशील शहर निर्माण गर्ने अनुकूल अवसर छ । तर्जुमा भइसकेको भूउपयोग नीति, जोखिम संवेदनशील भूउपयोग योजना लगायतका नीति तथा योजनाहरू योजनाबद्ध बस्ती विकासका पूर्वतयारीका रुपमा रहेका छन् । साथै संविधान प्रदत्त स्थानीय सरकारको अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, आबासको हक सम्बन्धी ऐन २०७५, राष्ट्रिय शहरी नीति २०८१ तथा दिगो विकास लक्ष्य सन् (२०१५–३०) जस्ता कानूनी प्रावधान र वृहत्त कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । कर्णाली प्रदेश सरकारको राजधानी भएकाले प्रदेशबाट हुने लगानी र पूर्वाधार विकास, नेपाल सरकारका शहरी विकास सम्बन्धी कार्यक्रम लगायतका स्थानीय बस्ती विकास योजनामा तहगत सरकार र निजी क्षेत्रबाट समेत लगानीको सम्भावना हुनु आदि यहाँका मुख्य अवसरहरू हुन् ।

### १.२.४ नीतिको आवश्यकताः

स्थानीय बस्ती विकासको लागि निर्देशक संघीय तथा प्रादेशिक ऐन र नीतिहरू निर्माण भइ कार्यान्वयनमा रहेको अवस्था छ । नगरपालिकाको धेरै ठूलो भौगोलिक क्षेत्रमा शहरोन्मुख बस्ती विकासको आवश्यक प्रबन्ध गर्न आवश्यक रहेको छ । नगरपालिकाले बस्ती बिकासका विषयहरू जोडिएका कानूनी र नीतिगत व्यवस्थाहरू गरेको छ । उल्लिखित सन्दर्भहरू समेतको आधारमा राष्ट्रिय नीति र स्थानीय मौलिकता र वस्तुगत अवस्था समेतको आधारमा नगरपालिकाको आफ्नो स्थानीय बस्ती विकास नीति अवश्यक रहेको छ । उक्त नीतिको आधारमा नगरपालिकाले स्थानीय बस्ती विकास सम्बन्धी थप कानूनी प्रबन्ध समेत गर्न सहज हुनेछ ।

# परिच्छेद २ : नीति संरचना

## २.१ दूरदृष्टि:

**योजनाबद्ध, समाबेशी र सुरक्षित बसोबास**

## २.२ लक्ष्य:

वि.सं.२०९५ सम्ममा यस नगरपालिकाभित्र योजनावद्ध शहरीक्षेत्र तथा सुरक्षित घरमा बसोबास गर्ने जनसंख्या ६७ प्रतिशत पुऱ्याउने ।

## २.३ उद्देश्य:

यस नीतिका उद्देश्यहरू यसप्रकार रहेका छन्:

१. नगरपालिका क्षेत्रमा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकासका माध्यमबाट योजनाबद्ध शहर निर्माण गरी वातावरणमैत्री तथा विपद उत्थानशील पूर्वाधारको पहुँच नगरका सवै बस्तीहरूसम्म विस्तार गर्नु ।

२. व्यवस्थित बस्ती बिकासका लागि स्रोत साधनको उच्चतम परिचालन, क्षेत्रगत समन्वय, संस्थागत क्षमता अभिबृद्धि तथा स्थानीय सुशासन प्रवर्द्धन गर्नु ।

## २.४ नीति:

स्थानीय बस्ती विकासको दूरदृष्टि, लक्ष्य र उद्देश्यको परिधिभित्र रही निम्नानुसारको नीति अवलम्बन गरिने छ ।

१. योजनाबद्ध बस्ती विकासका लागि नीति, योजना तथा मापदण्डमा आधारित भौतिक पूर्वाधार विकास गरिनेछ ।

२. क्षेत्रिय तथा उपक्षेत्रिय अन्तरआवद्धता र गाउँ, नगर अन्तरसम्बन्ध विस्तार गरिनेछ ।

३. योजनाबद्ध बस्ती विकासका लागि नगरवासी, निजीक्षेत्र, संघ तथा प्रदेश सरकारसँगको समन्वयमा स्रोत, साधनको परिचालन गरिनेछ ।

४. योजनाबद्ध शहर तथा बस्ती विकासका लागि संस्थागत क्षमता विकास तथा सुशासन प्रवर्द्धन गरिनेछ ।

उल्लिखित नीति कार्यान्वयनका लागि देहायका रणनीति र कार्यनीतिहरू अवलम्बन गरिनेछ ।

## २.५. रणनीति :

### नीति १. योजनाबद्ध बस्ती विकासका लागि नीति तथा मापदण्डमा आधारित भौतिक पूर्वाधार विकास गरिनेछ ।

यस नीतिका आवश्यक रणनीतिहरू:

१.१ नगर क्षेत्रको स्रोत तथा जोखिम नक्शा अद्यावधिक गर्ने ।

१.२. नगर भूउपयोग नीति तथा मापदण्ड कार्यान्वयन गर्ने ।

१.३ आधारभूत शहरी पूर्वाधार र सेवामा सबैको पहुँच सुनिश्चत गर्ने ।

१.४ मौलिकता र सामाजिक विविधता झल्किने गरी शहरी बस्ती बिकास र संरक्षण गर्ने ।

१.५ विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनलाई विकासका क्रियाकलापमा मूलप्रवाहीकरण गरी दिगो तथा पर्यावरणमैत्री पूर्वाधारको विकास गर्ने ।

**नीति २. क्षेत्रिय तथा उपक्षेत्रिय अन्तरआवद्धता र गाउँ, नगर अन्तरसम्बन्ध विस्तार गरिनेछ ।**

यस नीतिका आवश्यक रणनीतिहरूः

२.१ क्षेत्रिय तथा उपक्षेत्रिय अन्तरआवद्धता तथा गाउँ, नगर अन्तरसम्बन्ध विकास गर्ने ।

२.२ शहरी तथा ग्रामीण बस्ती बीच साझेदारी प्रवर्द्धन गरी बस्तु तथा सेवा आपूर्ति अन्तरसम्बन्ध विस्तार गर्ने रणनीतिका कार्यनीतिहरूः

**नीति ३. योजनाबद्ध बस्ती विकासका लागि नगरवासी, निजीक्षेत्र, संघ तथा प्रदेश सरकारसँगको समन्वयमा स्रोत, साधनको परिचालन गरिनेछ ।**

यस नीतिका आवश्यक रणनीतिहरूः

३.१ बहुक्षेत्रिय लगानी योजना तयार गरी तहगत सरकारको स्रोत साधन प्रभावकारी परिचालन गर्ने ।

**२.२** बैकल्पिक वित्तीय उपकरण र स्रोत साधनको परिचालनमा ध्यान दिने ।

**३.३** अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलाप र रोजगारी सिर्जनालाई बस्ती विकास कार्यक्रममा आवद्ध गर्ने ।

**नीति ४. संस्थागत क्षमता विकास तथा सुशासन प्रवर्द्धन गरिनेछ ।**

यस नीतिका आवश्यक रणनीतिहरूः

४.१ नगरपालिकाको संगठन संरचनालाई योजनाबद्ध शहरी विकासका आवश्यक जनशक्ति तथा संयन्त्रको व्यवस्था एवं क्षमता विकास गर्ने ।

४.२ नगरका विकासका क्रियाकलापमा सहभागिता तथा नागरिक निगरानी बढाउन क्षमता अभिबृद्धि एवं नगरपालिकासँग सहज सम्पर्क हुने व्यवस्था गर्ने ।

**४.३** नगर क्षेत्रमा व्यवस्थित रुपमा बस्ती विकास गरी प्रभावकारी सेवा प्रवाह गर्ने ।

**४.४** नगरका बस्ती, सेवा तथा पूर्वाधारलाई समाबेशी बनाउने ।

**२.६ कार्यनीतिः**

**१.१ नगर क्षेत्रको स्रोत तथा जोखिम नक्शा अद्यावधिक गर्ने रणनीतिका कार्यनीतिहरूः**

(क) नगरक्षेत्रका जनसंख्या, आवास, अस्थायी बसोवास, अव्यवस्थित बसोवास, भाडामा बसोबास गर्ने परिवार, शैक्षिक अवस्था, स्वास्थ्य अवस्था तथा पेशागत विवरण अद्यावधिक गरिनेछ ।

(ख) नगर बस्तीक्षेत्रका सडक, पुल, सार्वजनिक भवन, विद्यालय, स्वास्थ्य संस्था, पार्क, उद्यान, बसपार्क, खुला क्षेत्र लगायतका भौतिक पूर्वाधारहरूको विवरण अद्यावधिक गरिनेछ ।

(ग) नगर बस्तीक्षेत्रका बन, जंगल, नदी, नाला, ताल तलैया, चौर, जमिन लगायतका प्राकृतिक स्रोत साधनको तथ्यांक, सूचना अद्यावधिक गरिनेछ ।

(घ) नगर क्षेत्रका मानवीय, प्राकृतिक, भौतिक पूर्वाधार तथा ऐतिहासिक र साँस्कृतिक सम्पदाको स्रोत नक्शा तयार

(घ) नगरक्षेत्रको भूउपयोगको अवस्था, सडक, खानेपानी, ढल व्यस्थापन, विद्यालय, अस्पताल, पार्क तथा उद्यानहरूको स्रोत नक्शा तयार गरी बस्ती विकास योजना तर्जुमा गर्दा उपयोग गरिनेछ ।

(ङ) नगरका विपन्न वर्ग, एकल महिला, भूमिहिन, अपांगता भएका व्यक्ति, भाडामा बसोबास गर्ने तथा बसाइ सराइ गरी आउने परिवार लगायतको विवरण अद्यावधिक गरिनेछ ।

(च) नगरक्षेत्रका बाढी, पहिरो, भूक्षय, आगलागी जस्ता जोखिमयुक्त क्षेत्रका बस्तीहरूको पहिचान गरी नक्सांकन गरिनेछ ।

(छ) नगर क्षेत्रमा भूकम्प जस्ता प्रकोपको जोखिमको विश्लेषण गरी आवश्यक पूर्वतयारी गरिनेछ ।

(ज) नगरक्षेत्रमा अव्यवस्थित, अस्थायी, सुकुम्वासी, जोखिमयुक्त बस्तीको पहिचान र वर्गीकरण गरिनेछ ।

**१.२ नगर भूउपयोग नीति तथा मापदण्ड कार्यान्वयन गर्ने रणनीतिका कार्यनीतिहरूः**

(क) नगरको जोखिम सम्वेदनशील भूउपयोग योजना अनुरुप आवास, पूर्वाधार, कृषि, उद्योग लगायतका क्षेत्र निर्धारण गरी कार्यान्वयन गरिनेछ ।

(ख) नगरका जोखिम वर्गीकरणका आधारमा बस्ती तथा पूर्वाधारलाई सुरक्षित बनाउन जोड दिइनेछ ।

(ग) जोखिम संवेदनशीलता मूल्यांकनका आधारमा तयार मापदण्ड पालनालाई अनिवार्य गर्दै आवश्यक नियमन गरिनेछ ।

(घ) स्थानीय सरोकारवालासँगको नियमित सम्पर्कका साथ समग्र स्थानीय नगर विकास योजना व्यवस्थापन, कार्यान्वयन र अनुगमन समेतका लागि कानूनी व्यवस्था गरिनेछ ।

(ङ) समुदायको सहभागितामा स्थानीय परिवेश सुहाउँदो बस्ती विकास योजना निर्माण सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गरिनेछ ।

(च) जनसंख्याको अनुपातमा आवश्यक खुला क्षेत्र सम्बन्धी मापदण्डलाई नयाँ विकास हुने बस्तीमा अनिवार्य लागू गर्नुका साथै सो मापदण्ड हालका बस्तीमा समेत लागू गर्न प्राथमिकता दिइनेछ ।

**१.३ आधारभूत शहरी पूर्वाधार र सेवामा सबैको पहुँच सुनिश्चत गर्ने रणनीतिका कार्यनीतिहरूः**

(क) संयुक्त आवास, सामुहिक आवास, सामाजिक आवास, भाडाको आवास, सहकारी आवास लगायत व्यवस्थित आवास निर्माण एवं भइरहेका आवासहरूको स्तरोन्नतिका माध्यमबाट सबैका लागि सुरक्षित र सुपथ मूल्यमा न्यूनतम आवास सुविधाको प्रत्याभूति गरिनेछ । यसका लागि जग्गा वा आवास विकास योजनामा न्यून आय वर्गलाई अनिवार्य रुपमा समाबेश गरिनेछ ।

(ख) स्थानीय नगर बस्ती विकासमा एकीकृत र समन्वयात्मक रुपमा भौतिक पूर्वाधारहरूको योजना तथा निर्माण गरिनेछ । आवश्यकताअनुसार पूर्वाधारहरूलाई भूमिगत गर्दै लगिनेछ ।

(ग) पूर्वाधार र सेवा संजाल सहितको योजनावद्ध आवासीय क्षेत्रहरू निर्माण गर्न प्राथमिकता र प्रोत्साहन गरिनेछ । यसका लागि जग्गा तथा आवास एकीकरण कार्यविधि र मापदण्ड तर्जुमा गरिने छ ।

(घ) व्यवस्थित सार्वजनिक शौचालय, पाटी पौवा, चौतारा उद्यान, सामुदायिक केन्द्र, पुस्तकालय जस्ता सामाजिक मिलनका स्थलहरू संरक्षण एवं डिजिटल सुबिधा गरिनेछ ।

(ङ) नगरका बासिन्दाका लागि सुरक्षित खानेपानी तथा सरसफाई पूर्वाधार विकासमा सरोकारवालासँगको समन्वय र सहकार्यमा शहरी जल व्यवस्थापनको दिगो पूर्वाधार विकास गरिनेछ ।

(च) सरोकारवालाहरू समेतको सहकार्य र समन्वयमा आवश्यक शिक्षा, स्वास्थ्य, खेलकुद, साँस्कृतिक, पर्यटकीय र मनोरजनात्मक पूर्वाधारहरूको विकास गरिनेछ ।

(छ) नगरबस्ती क्षेत्रमा हाटबजार, बसपार्क, व्यवसाय स्थल, प्रशोधन केन्द्र, विशेष आर्थिक केन्द्र औद्योगिक क्षेत्र लगायत दिगो आर्थिक आय आर्जन गर्ने खालका पूर्वाधार विकासमा समन्वय र सहकार्य गरिनेछ ।

(ज) सार्वजनिक, ऐलानी तथा प्रति जग्गाको अभिलेखीकरण संरक्षण तथा व्यवस्थापनका साथै सबै तहका सडकले ओगटेको जमिनको कित्ताकाट सहित अभिलेखन राख्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्ने ।

## १.४ मौलिकता र सामाजिक विविधता झल्किने गरी शहरी बस्ती बिकास र संरक्षण गर्ने रणनीतिका कार्यनीतिहरू:

(क) वडाका केन्द्र, सम्पदाका रुपमा रहेका बस्ती, आसपासमा जोडिएका स्थानीय ग्रामीण बस्तीलाई समेत मौलिक शहर/ग्रामको रुपमा विकास गरिनेछ ।

(ख) स्थानीय बस्ती विकास गर्दा परम्परागत भवन, ढुंगेधारा, इनार, पोखरी, पाटीपौवा, देवल, चोक चौतारा लगायतका स्थानीय मौलिक साँस्कृतिक तथा ऐतिहासिक सम्पदा तथा कृषि क्षेत्रको संरक्षणमा जोड दिईनेछ ।

(ग) बस्तीको दृश्यवलीमा प्रतिकूल असर पार्ने तार, होर्डिगबोर्ड, पार्किंग व्यवस्थापन लगायतलाई नियमन गरी स्थानीय सौन्दर्य अभिबृद्धि गर्न नगरले भूआकृति कार्यविधि तयार गरी लागु गरिनेछ ।

(घ) नगरबस्ती विकास योजनामा स्थानीय मौलिकता र विविधता अनुसारको पदमार्ग, किनारा, क्षेत्र, नोड र ल्याण्डमार्कहरू समावेश गरिनेछ ।

(ङ) शहरी क्षेत्रको हरियाली प्रवर्द्धनका लागि शहरी वन विकास, पार्क तथा उद्यान, सडक किनारा बृक्षारोपण लगायतमा नगर र समुदाय सहकार्य गरिनेछ ।

(घ) सबैको लागि पहुचयुक्त, सुविधायुक्त, सुरक्षित र वातावरणमैत्री शहरी यातायातका लागि सरोकारवालासँगको सहकार्य र समन्वयमा मास ट्रान्जीट, पैदल यात्री, साइकलमैत्री एवं नवीकरणीय उर्जामा आधारित यातायात पूर्वाधार विकास गरिनेछ ।

(ङ) बस्तीमा जल सुरक्षा प्रणाली तथा हरियाली क्षेत्र संरक्षण तथा विकास गरिनेछ ।

## १.५ विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनलाई विकासका क्रियाकलापमा मूलप्रवाहीकरण गरी दिगो तथा पर्यावरणमैत्री पूर्वाधारको विकास गर्ने रणनीतिका कार्यनीतिहरू:

(क) नगर बस्तीमा जोखिम न्यूनीकरणको लागि पूर्वसूचना र पूर्वतयारीका सेवा तथा पूर्वाधार व्यवस्था गरिनेछ ।

(ख) जोखिमपूर्ण बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ ।

(ग) फोहरमैला उत्पादन घटाउने तथा फोहरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न प्राविधिक सहयोग र आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

(घ) बस्तीमा फैलनसक्ने महामारी नियन्त्रणका लागि आवश्यक पर्ने संरचना र सुविधाहरूको योजना तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।

(ङ) नगरको आरोग्य जीवनको लागि सरोकारवाला जनताको सहकार्य र समन्वयमा रैथाने वाली संरक्षण गरिनेछ ।

(च) नगर क्षेत्रलाई शहरी कृषि प्रणालीमा आवद्ध गरी नागरबासीको दैनिक आवश्यकता पूर्तिमा योगदान गर्न प्रोत्साहन गरिनेछ ।

(छ) निजी क्षेत्रसँग सहकार्य समेत गरी नगरलाई कम्तिमा ३ महिना पुग्ने खाद्यान्न तथा इन्धनको भण्डारणको प्रबन्ध मिलाईने छ ।

(ज) पूर्वाधार निर्माणमा वातावरणमैत्री निर्माण सामग्री र हरित प्रविधिलाई प्रोत्साहन, न्यून कार्बन उत्सर्जन सहित जलबायु अनुकूलन पद्धति र प्रविधिलाई अनुशरण गरिनेछ ।

**२.१ क्षेत्रिय तथा उपक्षेत्रिय अन्तरआवद्धता तथा गाउँ, नगर अन्तरसम्बन्ध विकास गर्ने रणनीतिका कार्यनीतिहरूः**

(क) नगरका शहरी र ग्रामीण क्षेत्रका बस्तीहरू बीचको पूर्वाधार विकास एवं सुधार गरी यातायात पहुंच अभिबृद्धि गरिनेछ ।

(ख) स्थानीय जनताको सहकार्य र समन्वयमा नगरका शहरी र ग्रामीण क्षेत्रका बस्तीहरूमा आवश्यकता अनुसार द्रुत, अर्धद्रुत र स्थानीय मल्टीमोडल पहिबहन सञ्चालन गरिनेछ ।

(ग) ओसार पसारमैत्री (ट्रान्जीट ओरेन्टेड) विकास वातावरणलाई प्रोत्साहन गरिनेछ ।

(घ) वीरेन्द्रनगरलाई थप बजार केन्द्रहरूसँग अन्तरआबद्धता प्रबर्द्धन गर्दै व्यवसायिक अन्तरसम्बन्ध विस्तार गरिनेछ ।

**१.२ शहरी तथा ग्रामीण बस्ती बीच साझेदारी प्रवर्द्धन गरी बस्तु तथा सेवा आपूर्ति अन्तरसम्बन्ध विस्तार गर्ने रणनीतिका कार्यनीतिहरूः**

(क) नगरपालिकाको दिगो यातायात र संचार सम्पर्कको पूर्वाधारमा आसपासका ग्रामीण तथा जोडिएका अन्यक्षेत्रसँग अन्तरआवद्धता विस्तार गरिनेछ ।

(ख) पृष्ठक्षेत्रलाई कृषि, पशुपालन एबं निश्चित आर्थिक पकेट क्षेत्रको रुपमा विकास गर्न प्रोत्साहन गरिनेछ ।

(ग) नगरको प्रशासनिक तथा आर्थिक केन्द्रको पृष्ठक्षेत्रसँगको पहुँच विस्तार समेतलाई ध्यानमा राखी योजनाबद्ध विकास गरिनेछ ।

(घ) अन्य स्थानीय तहका ग्रामीण क्षेत्र तथा बजार केन्द्रहरूसँग उत्पादन र बजारको अन्तरसम्बन्ध विकास गर्न आवश्यक पूर्वाधार विकास गरिनेछ ।

**३.१ बहुक्षेत्रिय लगानी योजना तयार गरी तहगत सरकारको स्रोत साधन प्रभावकारी परिचालन गर्ने रणनीतिको कार्यनीतिहरू :**

(क) योजनावद्ध बस्ती विकासका क्षेत्रमा तहगत सरकारका स्रोतलाई प्राथमिकताको आधारमा केन्द्रित गरिने छ ।

(ख) लगानी योजनामा स्थानीय सीप प्रबिधि र साधनको प्रयोगमा जोड दिइनेछ ।

(ग) स्थानीय साधन स्रोत, सीप र प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

(घ) नगरक्षेत्रका बस्तीहरूलाई योजनाबद्ध, व्यवस्थित गर्न नगर बस्ती विकास गुरुयोजना तयार गरिनेछ ।

**३.२. बैकल्पिक वित्तीय उपकरण र स्रोत साधनको परिचालनमा ध्यान दिने रणनीतिको कार्यनीतिहरू:**

(क) पूर्वाधारको विकासबाट घरजग्गा र संरचनामा हुने मूल्य अभिबृद्धिलाई नगरको आन्तरिक स्रोत बढाउने साधनको रुपमा प्रयोग गरिनेछ । घर जग्गा मूल्यांकनलााई बैज्ञानिक र स्वचालित प्रणाली स्थापित गरिनेछ ।

(ख) योजनाबद्ध नगरबस्ती विकासको लागि नगर विकास कोष, जग्गा विकास चक्र कोष, कल्याणकारी कोष, विकास प्राधिकरण कोष लगायतका कोष संचालन गरिनेछ ।

(ग) अनुदान मिश्रित ऋण, सार्वजनिक निजि साझेदारी, शहरी ऋणपत्र, सामुदायिक लागत सहभागिता जस्ता वैकल्पिक वित्तीय उपकरणहरू परिचालन गरिनेछ ।

(घ) नगरको सौन्दर्य, सुरक्षा र बढ्दो जनसंख्यालाई बस्ती व्यवस्थापन लगायतका पक्षहरूलाई सम्बोधन गर्न भौगर्भिक, वातावरणीय तथा अन्य सान्दर्भिक पक्षको अध्ययन सम्भाव्यताका आधारमा नगरपालिकाबाट निश्चित क्षेत्र तोकी निजी क्षेत्रसँगको सहकार्यमा बहुतले संयुक्त आवासको विकास गरिनेछ ।

(ङ) सम्भाव्यताका आधारमा नगरपालिकाबाट निश्चित क्षेत्र तोकी स्थानीय समुदाय तथा निजी क्षेत्रसँगको सहकार्यमा जग्गा एकीकरण गरी व्यवस्थित बस्ती विकास गरिनेछ ।

(च) नगरबस्ती पूर्वाधारको मर्मतसंभार कोषको निर्माण तथा पूर्वाधार वीमाको व्यवस्था गरी दिगो बनाइनेछ ।

**३.३. अनौपचारिक क्षेत्रका आर्थिक कृयाकलाप र रोजगारी सिर्जनालाई बस्ती विकास कार्यक्रममा आवद्ध गर्ने रणनीतिका कार्यनीतिहरू:**

(क) अनौपचारिक आर्थिक गतिविधि पहिचान गरी नगरविकास सेवामा आवद्ध गरिनेछ ।

(ख) फोहरमैला संकलन र व्यवस्थापनमा थप सुधार गर्न आवश्यक नीतिगत सुधार गरिनेछ ।

(ग) एक पटक प्रयोग भएका सामानलाइ पुन: प्रयोगको प्रबन्ध मिलाईनेछ ।

(घ) शहरी गरिव वेरोजगारहरूलाई निश्चित स्थान र समय तोकी दैनिक उपभोग्य बस्तु व्यापार व्यवसाय गर्ने क्षेत्रहरूको विकास गरिनेछ ।

**४.१ नगरपालिकाको संगठन संरचनालाई योजनाबद्ध शहरी विकासका लागि आवश्यक जनशक्ति तथा संयन्त्रको व्यवस्था एवं क्षमता विकास गर्ने रणनीतिका कार्यनीतिहरू:**

(क) नगरपालिकाको पूर्वाधार विकास शाखालाई पुनरावलोकन गरी योजनाबद्ध बस्ती विकासका लागि उपयुक्त हुनेगरी पुनर्संरचना गरिनेछ ।

(ख) नगरको योजनाबद्ध बस्ती विकास भएको क्षेत्र बाहेकका वडा तथा बस्तीहरूमा शहरी योजनाकार, वास्तुविद्, सिविल इञ्जिनियर र स्थानीय आर्थिक विकास विज्ञको टोली निर्माण गरी योजनाबद्ध, समावेशी र समृद्ध नगर निर्माणलाई मध्यनजर गरी एकीकृत बस्ती विकास गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(ग) योजनाबद्ध बस्ती विकास सम्बन्धमा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरिनेछ ।

(घ) योजनाबद्ध बस्ती विकासका लागि वीरेन्द्रनगर नगरपालिकालाई आवश्यक औजार उपकरणको व्यवस्था गरिनेछ ।

**४.२ नगरका विकासका क्रियाकलापमा जनसहभागिता तथा नागरिक निगरानी बढाउन क्षमता अभिबृद्धि एवं नगरपालिकासँग सहज सम्पर्क हुने व्यवस्था गर्ने रणनीतिका कार्यनीतिहरूः**

(क) टोल विकास संस्था, गैरसरकारी संघसंस्था, मिडिया लगायतका नागरिक समाजका संघ संस्थाको क्षमता विकास गरी नगरपालिका क्षेत्रमा भए गरेका विकास निर्माण तथा सेवा प्रवाहको नागरिक तहबाट निगरानी गर्ने वातावरण सिर्जना गरिनेछ ।

(ख) उपभोक्ता समूह, टोल विकास संस्था, गैरसरकारी संघसंस्था लगायतसँग जनसहभागितामा आधारित विकासका लागि प्रोत्साहन गरिनेछ ।

(ग) नगरपालिकाबाट सम्पादन भएका कार्यको कानून बमोजिम सार्वजनिक जवाफदेहिताका औजारहरूको प्रयोग गरी नागरिकको अभिमत, सुझाव, सल्लाहलाई कार्यान्वयन गरी नगरपालिकाको कामप्रति नागरिक सन्तुष्टि बढाउन पहल गरिनेछ ।

**४.३ नगर क्षेत्रमा व्यवस्थित रुपमा बस्ती विकास गरी प्रभावकारी सेवा प्रवाह गर्ने रणनीतिका कार्यनीतिहरूः**

(क) डिजिटल नेपाल फ्रेमवर्क अवधारणा अनुरुप सूचना प्रबिधिको उच्चतम उपयोग गर्दै बस्तीस्तरमै सूचना प्रविधिको पहुँच तथा सेवा प्रवाहसँग आवद्ध गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

(ख) घरजग्गा कारोवारलाई व्यवसायिक, पारदर्शी, प्रतिस्पर्धी, जवाफदेही बनाइ उद्योगको रुपमा विकास गर्नुका साथै नियमनकारी संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

(ग) नगरबस्ती विकास सम्बन्धी रहेका गुनासो राख्ने र गुनासोको सम्वोधनको संयन्त्रलाई प्रभावकारी बनाइने छ ।

**४.४ नगरका बस्ती, सेवा तथा पूर्वाधारलाई समाबेशी बनाउने रणनीतिका कार्यनीतिहरूः**

(क) आवासविहीन विपन्न परिवारलाई मापदण्ड बमोजिम परिपत्र वितरण गरिनेछ ।

(ख) परिचय पत्र प्राप्त नगरका आवासविहीन परिवारलाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले स्रोत साधनको व्यवस्था मिलाई नागरिकलाई क्रमशः तोकिए बमोजिमको आवास सुविधा उपलब्ध गराइनेछ ।

(ग) आवासविहिनलाई आवास सुविधाका साथै अन्य आधारभूत पूर्वाधार र जीविकोपार्जनको व्यवस्थाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) नगर तथा ग्रामीण क्षेत्रका बस्ती विकासमा रैथाने आदिवासी, जनजाति लगायतका विशेष समुदायको सामाजिक, सांस्कृतिक एवं वातावरणीय अधिकारको सम्मान तथा संबर्द्धन गरिनेछ ।

(ङ) शहरी पूर्वाधारलाई जेष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिकमैत्री बनाइनेछ ।

(च) नगरपालिका क्षेत्रलाई सवै लिंग, उमेर समूह, वर्ग र समुदायले सुरक्षित महशुस गर्ने वातावरण निर्माणका लागि आवश्यक पूर्वाधार, औजार, उपकरणका साथै प्रविधिको व्यवस्था गरिनेछ ।

(छ) नगर क्षेत्रका शहरी तथा ग्रामीण बस्तीमा निर्माण हुने पूर्वाधारको वातावरणीय परीक्षण साथै समावेशीता र पहुँचयोग्यता परीक्षण गरिनेछ ।

(ज) बस्ती पूर्वाधारका लागि जग्गाप्राप्ती गर्दा प्रचलित कानून बमोजिम मुआब्जाको व्यवस्था गरिनेछ ।

## परिच्छेद ३ : नीति कार्यान्वयन

### ३.१ संस्थागत व्यवस्थाः

यस नीतिको व्यवस्थापन, कार्यान्वयन तथा अनुगमन मूल्यांकनको संस्थागत व्यवस्था वीरेन्द्रनगर नगर कार्यपालिकाले गर्नेछ । नगरपालिकाले आवश्यकता अनुसार शहरी योजनाकार, वास्तुशास्त्री, भूउपयोग विज्ञ, स्थानीय आर्थिक विकास विज्ञ तथा विपद तथा वातावरण विज्ञ लगायतका विज्ञ तथा प्राविधिक समावेश भएको योजनाबद्ध बस्ती विकास टोली परिचालन गर्न सक्नेछ । यस नीतिको आधारमा कानूनी प्रबन्ध गरी कार्यपालिका, वडा समिति, निजीक्षेत्र, सहकारी तथा सामुदायिक क्षेत्रका साथै संघ तथा प्रदेश सरकारका निकाय र विकास साझेदार निकायहरूलाई समेत परिचालन गरी कार्यान्वयन गर्न सक्नेछ ।

### ३.२ कानूनी व्यवस्थाः

यो नीति कार्यान्वयनको लागि बस्ती विकास सम्बन्धी आवश्यक कानून वीरेन्द्रनगर नगर सभाले जारी गरी कार्यान्वयन गर्न सक्नेछ । यस नीतिको आधारमा कानूनी प्रबन्ध गरी आफ्ना अधिकारलाई कार्यपालिकाले स्थानीय वडातहमा समेत प्रत्यायोजन गरी कार्यान्वयन गर्न सक्नेछ । कानूनी बन्दोबस्तका आवश्यक कार्यहरू वीरेन्द्रनगर नगर कार्यपालिकाले गर्नेछ ।

### ३.३. वित्तीय व्यवस्थाः

नीति कार्यान्वयनका लागि आवश्यक आर्थिक व्यवस्थापन वीरेन्द्रनगर नगरपालिकाले गर्नेछ । यस नीति कार्यान्वयनका लागि नगरपालिकाले छुट्टै कोष बनाई बजेट व्यवस्था गर्न सक्नेछ । सो कोषमा नगरपालिको स्रोतका साथै संघ तथा प्रदेश सरकार र विकास साझेदार संस्थाको रकम जम्मा गर्न सकिनेछ । साथै नगरको बस्ती विकासका लागि निजी क्षेत्र तथा सामुदायिक क्षेत्रको स्रोत परिचालन गर्न सकिनेछ ।

### ३.४ नीति समन्वय तथा सामञ्जस्यताः

यस नीतिलाई नगरपालिकाका सम्बन्धित विषयगत नीति, कानून तथा योजनाका साथै संघीय र प्रादेशिक सान्दर्भिक नीति, कानून र सोह्री योजनाको मार्गदर्शनसँग आवद्ध गरी कार्यान्वयन गरिनेछ ।

### ३.५ जोखिम पहिचान र व्यवस्थापनः

यस नीतिको कार्यान्वयनका क्रममा आउन सक्ने संभावित जोखिमलाई नगरपालिकाले अग्रीम आँकलन गर्नेछ । हालसम्म पहिचान भएका र भविष्यका सम्भावित जोखिम न्यूनीकरणका उपायहरूलाई ध्यानमा राखी नगरपालिकाले यस नीतिलाई लागु गर्नेछ ।

### ३.६ अनुगमन, मूल्यांकन तथा नीति पुनरावलोकनः

यस नीति कार्यान्वयनको आवधिक अनुगमन तथा मूल्यांकन वीरेन्द्रनगर नगरपालिकाले गर्नेछ । आवश्यकता अनुसार नगरपालिकाले तेस्रो पक्षमार्फत समेत मुल्यांकनको प्रबन्ध मिलाउन सक्नेछ ।

नगरपालिकाले यो नीतिलाई आवधिक रुपमा पुनरावलोकन गरी समय सापेक्ष संशोधन वा खारेजी गर्न सक्नेछ ।

### ३.७ नीति कार्यान्वयन कार्ययोजनाः

यस नीति अन्तर्गतको कार्यनीति कार्यान्वयनका लागि देहाय बमोजिमको कार्ययोजना संलग्न गरिएको छः

*(पछि तयार गरिने)*

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**सन्दर्भ सामग्री**


आवासको अधिकार सम्बन्धी ऐन २०७५, कानून किताव व्यवस्था समिति ।

नगरविकास ऐन, (२०४५) कानून न्याय तथा संसदिय मन्त्रालय, कानून किताव व्यवस्था समिति बबरमहल काठमाण्डौ ।

नेपालमा शहरी तथा ग्रामीण क्षेत्रको श्रेणीगत वर्गीकरण, २०८०,

नेपालको संविधान, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताव व्यवस्था समिति बबरमहल २०७५, काठमाण्डौ ।

भूउपयोग ऐन २०७४, कृषि तथा भूमिसुधार मन्त्रालय, कानून किताव व्यवस्था समिति बबरमहल काठमाण्डौ ।

राष्ट्रिय जनगणना, (२०७८), राष्ट्रिय तथ्यांक कार्यालय, थापाथली, काठमाण्डौ ।

राष्ट्रिय शहरी नीति २०८१, शहरी विकास मन्त्रालय, मन्त्रालयको वेवसाइट ।

वीरेन्द्रनगर नगरपालिकाले बनाएका ऐन तथा नीतिहरू नगरपालिकाको वेवसाइट ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताव व्यवस्था समिति बबरमहल २०७४, काठमाण्डौ ।

सोह्रौं योजना, राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाण्डौ ।